# माछापुच्छ्रे बैंक लिमिटेड
## २०६७ पौष २३ गते शुक्रबारका दिन सम्पन्न भएको
## बाह्रौं वार्षिक साधारण सभाको बिबरणहरु (माईन्यूट)

१. **सभा :**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूको सभापतित्वमा सम्पन्न भयो ।

सभा शुरु हुनु अघि सभामा उपस्थित शेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई कम्पनी सचिवले बैंक तथा आफ्नो तर्फबाट स्वागत अभिवादन गर्दै कम्पनी ऐन, २०६३ र बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम बैंकको बाह्रौं वार्षिक साधारण सभा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बोलाईएको व्यहोरा सहित सभा सम्बन्धी देहाय बमोजिम जानकारी गराउनु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०६७ साल पौष २३ गते, शुक्रबार ( तदनुसार ७ जनवरी २०११)

स्थान : होटल फेवा प्रिन्स, पोखरा ।

समय : बिहान ११:०० बजे ।

३. **सभाको सूचना प्रकाशन :**

(क) यस बैंकको मिति २०६७/०८/२१ गतेका दिन बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बाह्रौं बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२), ७७(३) र दफा ८४(४), तथा बैंकको नियमावलीको नियम ४(३) बमोजिम २१ दिन अगावै मिति २०६७/०८/२४ गतेको कारोबार राष्ट्रिय आर्थिक दैनिकमा र मिति २०६६/०९/०६ गतेको नेपाल समाचारपत्र दैनिकमा गरि २ पटक प्रकाशित गर्नुका साथै पोखरावाट प्रकाशित हुने आदर्श समाज दैनिक र समाधान दैनिकमा पनि प्रकाशित गरिनुका साथै बैंकको वेभसाईटमा समेत राखि शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गराइएको ।

(ख) बाह्रौ वार्षिक साधारण सभाको बैठक बस्ने बारेको सूचना, साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन लगायत आवश्यक विवरण, बासलात, नाफा - नोक्सान हिसाब र सोको अनुसूचीहरु, नगद प्रवाह विवरण र बैंक व्यवस्थापन समूह समेत समावेश भएको बैंकको बाह्रौं वार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनीहरुको बैंकमा उपलब्ध ठेगानामा पठाइएको ।

(ग) बाह्रौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित भै दिनका लागि कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडलाई अनुरोध गरि पत्र पठाईएको ।

(घ) बाह्रौं वार्षिक साधारण सभामा उपस्थित भै दिनको लागि लेखापरीक्षक श्री बाँस्कोटा एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्लाई समेत अनुरोध गरिएको ।

४. **सभामा प्रस्तुत छलफलको बिषय सूची :**

**(क) सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युवाट प्रस्तुत हुने बार्षिक प्रतिवेदन २०६६/६७ पारित गर्ने ।



Scanned by CamScanner

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आर्थिक वर्ष २०६६/६७ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०६३ को दफा ६०(२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०६६/६७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालबाला लेखापरीक्षक श्री बाँस्कोटा एण्ड कं., चार्टर्ड एकाउण्टेन्टस् पुनः नियुक्त हुन सक्नु हुनेछ ।)

४. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**

१. संचालक समितिले सिफारिस गरे बमोजिम आर्थिक बर्ष २०६६/६७ को मुनाफा तथा गत आर्थिक वर्ष सम्मको संचित मुनाफा रकम समेत प्रयोग गरी रु. १४,७९,२६,९६०/- बराबरको बोनस शेयर वितरण गरी सोहि हद सम्मको बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने । बोनश शेयर बितरण गर्दा लाग्ने नियमानुसारको लाभांश कर शेयरधनी स्वयंले बेहोर्नु पर्ने ।

२. बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्बन्धि प्रस्ताव पारित गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्टारको कार्यालयबाट स्विकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) बिविध ।**

**५. सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :**

क) संचालकहरुको उपस्थिति :

| | | |
|---|---|---|
| (१) | श्री सूर्य बहादुर के.सी. | अध्यक्ष |
| (२) | श्रीमती गीता श्रेष्ठ | संचालक |
| (३) | श्री प्रकाश के.सी. | संचालक |
| (४) | श्री आजाद श्रेष्ठ | संचालक |
| (५) | श्री नरेश बहादुर मल्ल | संचालक |
| (६) | श्री प्राणेश्वर पोखरेल | संचालक |
| (७) | श्री किशोर कुमार शाह | व्यवसायिक/स्वतन्त्र संचालक |

ख) आमन्त्रितहरुको उपस्थिति :

| | | |
|---|---|---|
| (१) | श्री मुकुन्द देब अधिकारी, | - प्रतिनिधि, बाँस्कोटा एण्ड कं. चार्टर्ड एकाउण्टेन्ट्स् |
| (२) | श्री चन्द्रमोहन गौचन | - संस्थापक शेयरधनी तथा पूर्व अध्यक्ष |
| (३) | श्रीमती प्रेम कुमारी के.सी. | - संस्थापक शेयरधनी तथा पूर्व संचालक |
| (४) | श्री योगेन्द्र प्रसाद श्रेष्ठ | - संस्थापक शेयरधनी तथा पूर्व लेखापरीक्षण समितिका संयोजक |

Machhapuchchhre Bank Ltd. * Kathmandu, Nepal *



Scanned by CamScanner

ग) पदाधिकारीहरुको उपस्थिति :

(१) श्री भाईकाजी श्रेष्ठ : प्रमुख कार्यकारी अधिकृत
(२) श्री अपछ कुमार यादव : सहायक महाप्रबन्धक
(३) श्री प्रबीण कृष्ण श्रेष्ठ : वरिष्ठ प्रबन्धक
(४) श्री अर्जुन थापा : बरिष्ठ प्रबन्धक
(५) श्री प्रशान्त राज डंगोल : बरिष्ठ प्रबन्धक
(६) श्री पवन ढकाल : नायब प्रबन्धक
(७) श्री गोबिन्द प्रसाद शर्मा : प्रबन्धक, वित्त तथा योजना बिभाग तथा कम्पनी सचिव
(८) श्री बिनोद कुमार सिंह : प्रबन्धक, प्रशासन तथा मानव संशाधन बिकास बिभाग
(९) श्री पशुपती नारायण चौधरी : प्रमुख, सूचना तथा प्रविधि बिभाग
(१०) श्री गणेश पराजुली : प्रमुख, आन्तरिक लेखापरीक्षण बिभाग

घ) शेयरधनीहरुको उपस्थिति :

(१) बिक्री भएको शेयर (संख्यामा) : १,४७,९२,६९६
(२) कूल शेयरधनी संख्या : १२,९६८
(३) स्वयं उपस्थित ३५९ जना शेयरधनीबाट प्रतिनिधित्व भएको शेयर संख्या : ८६,५६,६२९
(४) प्रतिनिधिद्वारा ६९ जना शेयरधनीको प्रतिनिधित्व भएको शेयर संख्या : २४,४१,२६६
(५) जम्मा उपस्थित शेयरधनी संख्या : ४२८ जना
(६) जम्मा उपस्थित शेयरधनीद्वारा प्रतिनिधित्व भएको शेयर संख्या : १,१०,९७,८९५
(७) जम्मा शेयर संख्याको प्रतिनिधित्व : ७५.०२ प्रतिशत

६. **सभाको गणपुरक संख्या :**

| कूल शेयर संख्या | कूल शेयरधनी | स्वयं उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | कूल उपस्थित प्रतिशत |
|---|---|---|---|---|
| १,४७,९२,६९६ | १२,९६८ | ३५९ | ४२८ | ७५.०२ |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य रहेको।

७. **सभाको वैधानिकता :**

क) सभा संचालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ र यस बैंकको नियमावलीको नियम ५ बमोजिम साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित ऐन कानुन बमोजिम सभा वैधानिक रहेको।

Machhapuchchhre Bank Ltd. Kathmandu, Nepal



Scanned by CamScanner

ख) कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार आवश्यक सूचनाहरु पठाईएको र गणपुरक संख्या पनि पुगेको हुँदा सभा रीतपूर्वक बोलाईएकोले सभा गर्न मन्जूर गर्दै पूर्व सूचित सभाको निर्धारित बिषय सूची उपर छलफल गर्न मन्जुर गरिएको ।

८. **सभाको सभापतित्व र सभा संचालन :**

सभाको बैधानिकता एकिन भए पछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम ६ (१) बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूलाई बैंकको यस बाह्रौं बार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो ।

९. **सभा संचालन र संचालक समितिको तर्फबाट बैंकको वार्षिक प्रतिवेदनको प्रस्तुति :**

९.१ संचालक समितिका अध्यक्षज्यूले बैंकको यस बाह्रौं वार्षिक साधारण सभामा उपस्थित भै सभाको सभापतित्व गर्न पाएकोमा खुशी ब्यक्त गर्नु भयो र उपस्थित शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु भयो । त्यस पछि सभापतिज्यूले सभाको कार्यक्रम अघि बढाउने क्रममा बैंकको संचालक समितिको तर्फबाट बार्षिक प्रतिवेदन २०६६/६७ साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

९.२ सभा समक्ष प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्तको बासलात र आर्थिक बर्ष २०६६/६७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०. **छलफलको लागि आव्हान :**

१०.१ साधारण सभामा शेयरधनीहरुले निर्धारित बिषय सूची उपर छलफल गर्न सक्ने कम्पनी ऐन, २०६३ को दफा ७४ मा व्यवस्था भए अनुरुप सभापतिद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेतमा छलफलको लागि मन्तब्य, बिचार, जिज्ञासा तथा सुझाव राख्न चाहने शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नुभयो ।

१०.२ छलफलमा सहभागी हुने शेयरधनीहरु :

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा ५ जना शेयरधनीहरुले बैंकको काम कारबाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदन सम्बन्धमा आफ्नो मन्तब्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो । वक्ता शेयरधनीहरुको नामावली निम्नानुसार रहेको छ :-

१. श्री अम्बर तुलाचन
२. श्री रमेश भारी
३. श्री दिपक बहादुर भण्डारी
४. श्री मदनकाजी श्रेष्ठ
५. श्री शान्त बहादुर गुरुङ्ग

११. **शेयरधनीहरुबाट ब्यक्त गरिएका मन्तब्यको संक्षिप्त विवरण :**

छलफलको क्रममा सहभागि हुने शेयरधनी महानुभावले पेश गर्नु भएको मन्तव्यको मुख्य मुख्य बुँदाहरुको सारांश देहाय बमोजिम रहेको छ ।

Machhapuchchhre Bank Ltd. Kathmandu, Nepal



Scanned by CamScanner

११.१ **श्री अम्बर तुलाचन :**

क) बैंकको प्रतिवेदन शेयरधनी महानुभावहरुले समयमा नपाउने विगतको अवस्थामा सुधार भै यस बर्ष समयमानै प्रतिवेदन प्राप्त भएकोमा धन्यवाद व्यक्त ।

ख) वार्षिक प्रतिबेदनलाई हेर्दा बैंक परिणाममुखी हुनु पर्नेमा सुविधामुखी भएको जस्तो लागेको धारणा व्यक्त । बैंकमा जम्मा गरिने निक्षेपमा पाउने व्याज भन्दा पनि खुद मुनाफा कम भएकोले लाभांश समेत कम रहेको । बैंकको शेयर मुल्यमा लगातार ह्रास आई रहेको । अन्य संस्थाहरुले नगद लाभांश र बोनस शेयर वितरण गर्दा पनि यस बैंकले जम्मा १०% लाभांश (बोनस शेयर) मात्र वितरण गर्नु कम भएको विचार व्यक्त ।

ग) बैंकको स्थिर सम्पत्तीमा बृद्धि भएको देखिएतापनि आम्दानी भने सो अनुपातमा बढ्न नसकेको साथै बैंकको जगेडा कोष समेत उल्लेख्य रुपमा बृद्धि हुन नसकेको देखिएकोले वि.सं. २०७० सम्ममा चुक्ता पूँजी २ अरब पुऱ्याउनु पर्ने नेपाल राष्ट्र बैंकको निर्देशन रहेकोले उक्त अवधि भित्र बैंकको चुक्ता पूँजी २ अरब पुऱ्याउन बैंकले कस्तो योजना बनाएको छ भन्ने जिज्ञासा व्यक्त ।

घ) बैंकको कर्जा सुरक्षण विवरणमा ११ करोड व्यक्तिगत जमानीमा लगानी गरेको देखिएको छ । यस बारेमा जानकारी गराउन अनुरोध ।

ङ) प्रतिवेदन अनुसार बैंकले रु. १५ करोड ऋण लिएको देखिन्छ । यो किन र कहाँवाट लिएको हो भन्ने जिज्ञासा व्यक्त ।

च) बैंकको तरल सम्पत्तीमा बृद्धि भएको देखिन्छ । जसले गर्दा पनि बैंकको नाफामा असर पर्ने भएकोले यस तर्फ सजग हुन सुझाव व्यक्त ।

११.२ **श्री रमेश भारी :**

क) बैंक संचालनको दौरानमा शाखाको संख्या ४० वटा पुगेको भएतापनि सो अनुरुपको वित्तीय प्रगति हुन सकेको नदेखिएको । बैंकको खुद मुनाफा फाइनान्स कम्पनीको जस्तो हुनु राम्रो नहुने विचार व्यक्त ।

ख) कर्जामा असुल गर्न बाँकी व्याजको रकममा बृद्धि भएको देखिएकोले सो सँग सम्वन्धित साँवामा समेत शंका गर्नु पर्ने अवस्था सिर्जना हुने विचार व्यक्त ।

ग) बैंकको हिमालयन डिष्टिलरीमा भएको लगानीवाट कुनै मुनाफा प्राप्त नभै पूँजी निष्कृय रहेकोले उक्त शेयर बिक्री गर्न सुझाव व्यक्त ।

घ) बैंकले संचालनमा ल्याएको शेयरधनी बचत खातामा केहि थप सुविधाहरु उपलव्ध गराउनु पर्ने सुझाव व्यक्त ।

११.३ **श्री दिपक बहादुर भण्डारी :**

क) बैंकले शाखा बिस्तारको क्रममा सुगम स्थानहरुमा मात्र केन्द्रित रहेकोले दुर्गम स्थानमा पनि बैंकको सेवा बिस्तार गर्नु पर्ने सुझाव व्यक्त ।

ख) बैंकले सामाजिक उत्तरदायित्व तर्फ कुनै उल्लेख्य काम गर्न सकेको नदेखिएकोले यस तर्फ पनि ध्यान पुऱ्याउन सुझाव व्यक्त ।

ग) बैंकका शेयरधनीहरुको उद्देश्य Wealth Maximization हुने भएकोले यस सम्वन्धमा बैंकले बिशेष ध्यान दिनु पर्ने सुझाव व्यक्त ।

Machhapuchchhre Bank Ltd. Kathmandu, Nepal



Scanned by CamScanner

११.४ **श्री मदनकाजी श्रेष्ठ :**

क) बैंकले संचालनमा ल्याएको शेयरधनी बचत खातामा दिएको सुबिधा पर्याप्त नभएको । बैंकले उक्त खातामा मासिक मौज्दात मा व्याज दिने गरेकोले दैनिक मौज्दातमा व्याज दिन सुझाव व्यक्त ।

ख) बैंकले वितरण गर्न लागेको १०% लाभांश (बोनस शेयर) २०६६ आषाढ मसान्तको हो वा २०६७ आषाढ को भन्ने प्रष्ट नभएको साथै उक्त लाभांश वापत लाग्ने कर वैंकले संचित मुनाफावाट लिनु पर्नेमा शेयरधनीवाट असुल गर्ने प्रस्ताव ल्याउनु झन्झटिलो रहेको बिचार व्यक्त ।

ग) कर्जा नोक्सानी व्यवस्थामा थप गरिएको कारणले बैंकको खुद मुनाफामा कमी आई बैंकको कर पछिको नाफा रु. ७.३३ करोड मात्र हुनु कम रहेको । कर्जाको लागि व्यवस्था अधिको नाफामा समेत कमी आएको देखिएकोले सो सम्वन्धमा जिज्ञासा व्यक्त ।

घ) बैंकको निष्कृय कर्जाको प्रतिशत २.३२ रहनु अन्तरराष्ट्रिय मापदण्ड भित्र रहेको भएतापनि उक्त प्रतिशत बढि हो कि भन्ने जिज्ञासा व्यक्त ।

११.५ **श्री शान्त बहादुर गुरुङ्ग :**

क) देशको १४औ वाणिज्य बैंकको रुपमा स्थापित बैंकले २०६ भन्दा बढि वित्तीय संस्थाहरुसँग प्रतिस्पर्धा गर्नु पर्ने वातावरणमा समेत हाल सम्म बैंक यस स्थितिमा आइपुगेकोमा सराहना गर्नु पर्ने हुन्छ भन्ने विचार व्यक्त ।

ख) बैंकमा लगानी गर्ने लगानीकर्ताहरुले सो को प्रतिफल खोज्नु स्वभाविक हुन्छ र बैंकले पनि समय समयमा वोनस शेयर वितरण गरेर लगानीकर्तालाई केहि मात्रामा भएपनि प्रतिफल दिने प्रयास गरेको भन्ने विचार व्यक्त ।

ग) देशमा राजनैतिक स्थिरता र समयमा संबिधान निर्माण हुन सकेमा देशको आर्थिक क्रियाकलाप समेत बढ्न गई बैंकको कारोवारमा समेत बृद्धि भई मुनाफामा सकारात्मक प्रभाव पर्ने भन्ने विचार व्यक्त ।

घ) बैंकको काम राम्रोसँग संचालन हुनका लागि माथिल्लो तहको कर्मचारी चुस्त दुरुस्त रहि Team work मा काम गर्नुका साथै तल्लो तहसम्मका कर्मचारीसँग समेत समन्वय गरि काम गर्नु पर्ने सुझाव व्यक्त ।

ङ) बैंकको संचालक समितिले प्रत्येक तिन महिनामा बैंकको आर्थिक अवस्थाको वारेमा पुनरावलोकन गर्नु पर्ने सुझाव व्यक्त ।

च) बैंकले बिप्रेषण व्यवसाय बृद्धि गरि आम्दानीको श्रोत बढाउनका लागि आकर्षक रेमिटान्स सेवा संचालनमा ल्याउनु पर्ने सुझाव व्यक्त ।

छ) Indian Pension Camp को कारोवार बैंकले गर्न पाउनका लागि भारतीय दुतावाससँग छलफल गरि उक्त कारोवार यस बैंक मार्फत गर्न सकेमा बैंकको निक्षेपको अंशमा समेत बढोत्तरी भै सकारात्मक प्रतिफल प्राप्त हुन सक्ने सुझाव व्यक्त ।

ज) अबका दिनमा दुर्गम क्षेत्रमा समेत आफ्नो सेवा बिस्तार गर्ने गरि बैंकले शाखा विस्तार गर्नु पर्ने सुझाव व्यक्त ।

झ) बैंकले संचालनमा आएका शाखाहरु मध्ये कुनै एक शाखालाई वार्षिक रुपमा Best Branch Award घोषणा गर्ने व्यवस्था गर्नु पर्ने सुझाव व्यक्त ।

Machhapuchchhre Bank Ltd. * Kathmandu, Nepal *



Scanned by CamScanner

ञ) बैंकको सम्पत्तीमा रहेको जोखिमको अध्ययन गरि कम जोखिम रहेको लगानी बढाउनका लागि जोखिम व्यवस्थापन बिभागको स्थापना गर्नु पर्ने सुझाव व्यक्त।

ट) बैंकले सुन चाँदी कर्जाको कारोवार संचालन गर्नु पर्ने र खासगरी उक्त कारोवार बैंकको राम बजार र बगर स्थित शाखाहरुवाट संचालन गर्न उपयुक्त हुने सुझाव व्यक्त।

१२. **छलफलमा उठेका जिज्ञासाहरुको जवाफ :**

छलफलको क्रममा सहभागी शेयरधनी महानुभावहरुको मन्तव्य, जिज्ञासा तथा सुझावहरु सम्बन्धमा सभाका सभापतिज्यूका तर्फवाट सामुहिक रुपमा दिईएको जवाफ तथा प्रष्टिकरणहरुलाई सारांशमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

क) बैकको पुँजी पर्याप्तता तथा संचीत मुनाफालाई दृष्टिगत गरि बोनस शेयरमा लाग्ने ५ प्रतिशत कर रकम शेयरधनीहरुले नै ब्यहोर्नुपर्ने गरी १० प्रतिशत बोनस शेयर प्रदान गर्ने गरी स्वीकृत भई आएकोले उक्त कर रकम शेयरधनी महानुभावहरुले नै ब्यहोर्नु पर्ने।

ख) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार वाणिज्य बैकहरुले राख्नुपर्ने Statutory Liquidity Ratio अन्तर्गत निक्षेपको १५ प्रतिशत रकम नगद मौज्दात, नेपाल राष्ट्र बैंकमा मौज्दात तथा ट्रेजरी बिल्समा लगानी गर्नुपर्ने हन्छ। सोही अनुसार बैंकले ट्रेजरी बिल्समा पर्याप्त लगानी गरेकोले लगानी रकममा बृद्धि देखिएको। त्यस्ता तरल सम्पत्तीहरुलाई छोटो अबधिको लागि लगानी गरी त्यस्ता लगानीहरुबाट समिक्षा अबधिमा रु. ६.६६ करोड व्याज समेत आर्जन गरेको। २०६७ आषाढ मसान्तमा त्यस्ता लगानीहरु फिर्ता भएकोले बैंकको तरलता केही अधिक देखिएको।

ग) नेपाल राष्ट्र वैंकको निर्देशनको अधिनमा रही वैंकले केही कर्जाहरुमा नीहित जोखिमलाई दृष्टिगत गरी खराव कर्जामा वर्गीकरण गरेकोले सम्भावित कर्जा नोक्सानी ब्यवस्थामा वृद्धि भएको।

घ) समग्र धितोपत्र कारोवारमा कमी आई Nepse index नै ४०० को बिन्दु भन्दा तल झरेको अवस्थामा बैंकको शेयर मुल्यमा कमी आउनु स्वभाविक रहेको।

ङ) व्यक्तिगत ज़मानीमा समेत कर्जा दिनु बैंकिङ्ग व्यवसायको सामान्य प्रचलन अन्तर्गत नै पर्ने र त्यस्ता कर्जाहरु बैंकको नियमित निगरानीमा रहने।

च) हिमालयन डिष्टिलरी लिमिटेडमा रहेको शेयर बिक्री गर्ने निर्णय भै वोलपत्र समेत आव्हान गरिसकिएकोले उक्त लगानी सकेसम्म छिटो निसर्ग गर्ने बैंकको योजना रहेको।

छ) बैंकको कर्पोरेट कार्यालय लाजिम्पाट स्थित आफ्नै भवनमा सरीसकेकोले काठमाण्डौको थापाथली र पोखराको चिप्लेढुङ्गा स्थित जग्गाहरु (स्थिर सम्पत्ती) सक्दो चाँडो बिक्री गरिने।

ज) बैंकले समिक्षा बर्ष देखि नै बचत निक्षेपमा दैनिक मौजदातमा व्याज दिंदै आएको।

झ) बैंकले शाखा बिस्तार गर्दा सुगम र दुर्गम दुबै क्षेत्रमा व्यवसायिक सम्भाव्यता अध्ययन गरी शाखा बिस्तार गर्ने गरेको।

ञ) बैंकले समय सन्दर्भ र उपयुक्तताको आधारमा सामाजिक संस्थागत उत्तरदायित्व निर्वाह गर्ने गरेको।

ट) प्रस्तावित लाभांश (बोनस शेयर) २०६७ आषाढ मसान्तको चुक्ता पूँजीको १०% रहेको र सो को विस्तृत विवरण वार्षिक प्रतिवेदनको अनुसूची ४.१ मा उल्लेख भएको।

ठ) आगामी दिनहरुमा शेयरधनीहरुवाट प्राप्त सुझावहरुलाई यथाशक्य अवलम्वन गरिने जानकारी।

१३. **सभाका प्रस्ताव एवं निर्णयहरु :**

जवाफ दिने क्रम सकिए पछि सभापतिज्यूले छलफलको बिषय सूचीमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा सो प्रस्तावहरुमा देहाय बमोजिम निर्णय भयो।

Machhapuchchhre Bank Ltd. Kathmandu, Nepal



Scanned by CamScanner

१३.१ सामान्य प्रस्तावहरु

१३.१.१ **संचालक समितिको तर्फबाट अध्यक्षज्यूवाट प्रस्तुत हुने बार्षिक प्रतिवेदन २०६६/६७ पारित गर्ने ।**

संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको बार्षिक प्रतिवेदन २०६६/६७ सर्वसम्मतिबाट पारित भयो ।

१३.१.२ **लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषाढ मसान्तको वासलात तथा मिति २०६६/४/१ देखि २०६७/३/३२ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषाढ ३२ गतेको बासलात, आ.व. २०६६/६७ को नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह बिवरण र सो को अनुसूचीहरु सर्वसम्मतिबाट पारित भयो ।

१३.१.३ **बैंक तथा बित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ६०(२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०६७/६८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालबाला लेखापरीक्षक श्री बाँस्कोटा एण्ड कं., चार्टर्ड एकाउण्टेन्टस् पुनः नियुक्त हुन सक्नु हुनेछ ।)**

बैंकको हरहिसाब लेखापरीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा १६५ को उपदफा १(घ) बमोजिम बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षकको नाम र पारिश्रमिक निर्धारण गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्नु पर्ने हुनाले आ.व. २०६७/६८ को बैंकको हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरेको लेखापरीक्षकको नाम र पारिश्रमिक सभा समक्ष अनुमोदनको लागि प्रस्तुत गरि दिन हुन लेखापरीक्षण समितिका संयोजक तथा संचालक श्री प्राणेश्वर पोखरेलज्यूलाई सभापतिज्यूले अनुरोध गर्नु भयो र सो प्रस्तावलाई अनुमोदन गरिदिनु हुन समेत सभालाई आग्रह गर्नु भयो ।

बैंकको लेखापरीक्षण समितिका संयोजक तथा संचालक श्री प्राणेश्वर पोखरेलज्यूले लेखापरीक्षण समितिको मिति २०६७ पौष १४ गते बसेको ५६औं बैठकको निर्णय बमोजिम बैंकको वर्तमान लेखापरीक्षक श्री बाँस्कोटा एण्ड कं., चार्टर्ड एकाउण्टेन्टस् कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्त हुन योग्य रहनु भएकोले बैंकको आ.व. २०६७/६८ को हरहिसाब लेखापरीक्षण गर्न श्री बाँस्कोटा एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्टस्लाई पुनः नियुक्त गर्न सिफारिस गरिएको कुरा सभालाई जानकारी गराउनु भयो । साथै, लेखापरीक्षण शुल्क वापत रु. १,१०,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव गर्नु भयो ।

सो प्रस्ताव उपर सभामा छलफल हुँदा बैंकको आ.व. २०६७/६८ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री बाँस्कोटा एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्स्लाई नियुक्त गर्ने र निजलाई आर्थिक बर्ष २०६७/६८ मा लेखापरीक्षण शुल्क वापत रु. १,१०,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव पारित भयो ।

१३.२ त्यसपछि सभापतिज्यूले सभाको निर्धारित समान्य प्रस्ताव नं. ४ मा उल्लेखित संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन सम्बन्धी प्रस्तावको सम्बन्धमा बिषय सूची नं. ख मा उल्लेखित बिशेष प्रस्तावहरु पछि निर्वाचन अधिकृतले सभा समक्ष प्रस्तुत गर्नु हुने जानकारी गराउनु भयो ।

१३.३ **बिशेष प्रस्तावहरुः**

१३.३.१ **संचालक समितिले सिफारिस गरे बमोजिम आर्थिक बर्ष २०६६/६७ को मुनाफा तथा गत आर्थिक वर्ष सम्मको संचित मुनाफा रकम समेत प्रयोग गरी रु. १४,७९,२६,९६०/- बराबरको बोनस**

Machhapuchchhre Bank Ltd. Kathmandu, Nepal



Scanned by CamScanner

**शेयर वितरण गरी सोहि हद सम्मको बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने । बोनस शेयर वितरण गर्दा लाग्ने नियमानुसारको लाभांश कर शेयरधनी स्वयंले बेहोर्नु पर्ने ।**

संचालक समितिले सिफारिस गरे बमोजिम २०६७ आषाढ मसान्तमा समाप्त वर्षको मुनाफा तथा आर्थिक बर्ष २०६५/६६ सम्मको संचित मुनाफा रकम समेत प्रयोग गरी बैंकको शेयरधनी दर्ता किताबमा मिति २०६७ पौष १ गतेसम्म बैंकको शेयरधनीको रुपमा कायम शेयरधनीहरुलाई १० प्रतिशतको दरले हुन आउने रु. १४,७९,२६,९६०/- बराबरको बोनस शेयर जारी गर्ने र सोहि हदसम्मको बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने साथै सो बोनस शेयर बितरण गर्दा लाग्ने नियमानुसारको लाभांश कर शेयरधनी स्वयंले बेहोर्नु पर्ने भनी सभापतीज्यूले सभा समक्ष प्रस्ताव प्रस्तुत गर्नु भयो । बोनस शेयर जारी गर्दा भिन्न अङ्क (Fraction) आएमा शेयरधनी समूहको बर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (Fraction) अङ्कलाई संचित गरी राख्ने र भविष्यमा बोनस बितरण गर्दा यस पटक भिन्न अङ्क (Fraction) आएको शेयरलाई समेत समावेश गरी पूर्ण (Whole) अङ्क पुगेपछि शेयर प्रमाणपत्र बनाई वितरण गर्ने भन्ने समेत प्रस्ताव रहेकोमा प्रस्तुत सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भयो ।

१३.३.२ **बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्बन्धि प्रस्ताव पारित गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्टारको कार्यालयबाट स्विकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

बैंकले शेयरधनीहरुलाई लाभाँश (वोनस शेयर) वितरण गर्ने प्रस्ताव गरेको र सो प्रस्ताव पारित भैसकेकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र र नियमावलीमा आबश्यक संशोधन गर्नु बान्छनीय हुने हुँदा बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धी प्रस्तावहरु पारित गर्नको लागि सभापतिज्यूले सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो ।

साथै, बैंकको प्रबन्धपत्र तथा नियमावलीका संशोधनहरु नेपाल राष्ट्र बैंकबाट स्विकृति लिने र कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्ने सिलसिलामा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्नु आबश्यक हुने भएकोले संचालक समितिलाई सो अख्तियार प्रत्यायोजन गर्न सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा त्यस्तो थपघट संशोधन वा परिमार्जन गर्ने अधिकार संचालक समितिलाई हुने भनी सर्वसम्मतिले निर्णय भयो ।

१३.४ **संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन सम्बन्धमा :**

सभाको निर्धारित बिषय सूचीको समान्य प्रस्ताव नं. ४ मा रहेको संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने चार जना संचालकहरुको निर्वाचन सम्बन्धमा सभापतीज्यूले निर्वाचन अधिकृत श्री मुकुन्द राज अर्याललाई निर्वाचन कार्यक्रम र परिणाम बारे सभालाई जानकारी गराउनको लागि अनुरोध गर्नु भयो ।

सभापतिज्यूको अनुरोध पछि निर्वाचन अधिकृत श्री मुकुन्द राज अर्यालले बैंकको संचालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने चार जना संचालकहरुको निर्वाचन प्रयोजनको लागि बैंकले वहाँलाई निर्वाचन अधिकृतमा नियुक्त गरेकोमा बैंकलाई धन्यबाद ज्ञापन गर्नु भयो र सभालाई निम्न व्यहोरा जानकारी गराउनु भयो ।

(क) बैंकका संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने चार जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना मिति २०६७ पौष १६ गते बैंकको प्रधान कार्यालयको सूचना पाटिमा टाँस गरि सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको ।

Machhapuchchhre Bank Ltd. Kathmandu, Nepal



Scanned by CamScanner

(ख) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार मिति २०६७ पौष १६ गते बिहानको १०:०० बजे मतदाताहरुको प्रथम नामावली र मिति २०६७ पौष १८ गते अपरान्ह ४:०० बजे मतदाताहरुको अन्तिम नामावली प्रकाशित गरिएको ।

(ग) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार संचालकमा उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने अन्तिम म्याद मिति २०६७ पौष २० गते अपरान्ह ४:०० बजेसम्म रहेकोमा उक्त मिति र समय भित्र निम्न शेयरधनीहरुले संचालकमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गराउनु भएको र सोही दिन अपरान्ह ४:३० बजे उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गरिएको ।

(१) श्री प्रकाश के.सी. ।

(२) पिकेआर ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट श्री सूर्य बहादुर के.सी. ।

(३) माछापुच्छ्रे ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट श्रीमती गीता श्रेष्ठ ।

(४) श्री आजाद श्रेष्ठ ।

(५) श्री हिमालयन इन्टरप्राईजेज प्रा.लि.का तर्फवाट श्री गोपीकृष्ण न्यौपाने ।

(घ) उम्मेदवारी उपर दाबी बिरोध गर्न मिति २०६७ पौष २१ गते अपरान्ह १२:०० बजेसम्मको समयावधि दिईएकोमा उक्त मिति र समय भित्र कुनै उम्मेदवार बिरुद्ध कसैको कुनै किसिमको दाबी बिरोध पर्न नआएको ।

(ङ) उम्मेदवारले आफ्नो नाम फिर्ता लिने म्याद मिति २०६७ पौष २२ गते बिहान ११:०० बजेसम्म रहेकोमा उक्त मिति र समय भित्र उम्मेदवार श्री आजाद श्रेष्ठले आफ्नो नाम फिर्ता लिनु भएकोले मिति २०६७ पौष २२ गते बिहान ११:३० बजे उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिएको ।

(च) बैंकको संचालक निर्वाचन कार्यबिधि निर्देशिका, २०६० को परिच्छेद ५ को दफा १३(१), बैंकको प्रवन्धपत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम संचालक पदको लागि उम्मेदवारी दिनेको संख्या निर्वाचनको माध्यमबाट पूर्ति गर्नु पर्ने संचालकको संख्या भन्दा बढि नभएकोले निम्न उम्मेदवारहरुलाई बैंकको संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने गरि संचालकमा ४ बर्षको लागि निर्बिरोध निर्वाचित भएको घोषणा गर्नु भयो ।

(१) पिकेआर ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट श्री सूर्य बहादुर के.सी. ।

(२) माछापुच्छ्रे ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट श्रीमती गीता श्रेष्ठ ।

(३) श्री प्रकाश के.सी. ।

(४) श्री हिमालयन इन्टरप्राईजेज प्रा.लि.का तर्फवाट श्री गोपीकृष्ण न्यौपाने ।

(छ) परिणाम घोषणा पश्चात नवनिर्वाचित संचालकहरुलाई निर्वाचन अधिकृतले संचालकमा निर्बिरोध निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नु भयो र वहाँहरुको कार्यकालको पूर्ण सफलताको कामनाका साथै हार्दिक बधाई ज्ञापन गर्नु भयो ।

**१३.५ नवनिर्वाचित संचालकहरुलाई बधाई तथा धन्यवाद ज्ञापन :**

सभाका सभापति श्री सूर्य बहादुर के.सी.ज्यूले निर्वाचित संचालकहरुको कार्यकालको सफलताको कामना गर्नुका साथै बधाई ज्ञापन गर्नु भयो ।

साथै, बैंकको संचालक निर्वाचन सम्बन्धी कार्यक्रम सफलताका साथ सम्पन्न गरि दिनु भएकोमा निर्वाचन अधिकृत श्री मुकुन्द राज अर्यालज्यूलाई हार्दिक धन्यबाद ज्ञापन गर्नु भयो ।

Machhapuchchhre Bank Ltd. Kathmandu, Nepal



Scanned by CamScanner

१३.६ बिविध ।

साधारण सभाको निर्धारित बिषय सूचीमा समावेश बिविध शीर्षक अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको व्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

१४. धन्यबाद ज्ञापन :

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको र निर्वाचन अधिकृतले संचालक निर्वाचन सम्बन्धी कामकारबाहिहरु र निर्वाचन परिणाम समेत सभालाई जानकारी गराई सकेको हुनाले सभापतिज्यूले बाह्रौं वार्षिक साधारण सभामा सहभागी संचालकहरु, शेयरधनी महानुभावहरु, शुभेच्छुक तथा सहयोगी पत्रकारहरु र बैंकको बाह्रौं साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, समस्त ग्राहकवर्ग, कर्मचारीहरु तथा सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१५. सभा बिसर्जन :

सभाका सभापति श्री सूर्य बहादुर के.सी.ज्यूले अपरान्ह १:५० बजे बाह्रौं बार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

Machhapuchchhre Bank Ltd. Kathmandu, Nepal

..............................
गोबिन्द प्रसाद शर्मा
कम्पनी सचिव

..............................
सूर्य बहादुर के.सी.
अध्यक्ष, संचालक समिति
तथा बाह्रौं वार्षिक साधारण सभाका सभापति ।

Scanned by CamScanner